नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
समावेशी शिक्षा शाखा
सानोठिमी, भक्तपुर

प.सं. २०८१ ०८२
च.नं. ९६९

फोन नं. ०१-६६३८८५३
Email-inclusivedoe@gmail.com
मिति:२०८२/०२/२१

श्री सम्बन्धित सबै स्थानीय तह
श्री सबै सार्वजनिक विद्यालय,

**बिषय: विपन्न लक्षित छात्रवृत्ति पाउन योग्य विद्यार्थीको बैंक खाता खोल्ने र प्रमाणीकरण गर्ने म्याद दोस्रो पटक थप गरिएको सम्बन्धमा।**

प्रस्तुत विषयमा शैक्षिक सत्र २०८१ मा सार्वजनिक विद्यालयको कक्षा ५ र कक्षा ८ मा अध्ययनरत विद्यार्थीले भरेको PMT फारामका आधारमा "विपन्न लक्षित छात्रवृत्ति व्यवस्थापन मापदण्ड २०८०" अनुसार नतिजा विश्लेषण गरी आधारभूत र माध्यमिक तह (कक्षा ६ र ९) का लागि लक्षित छात्रवृत्ति पाउन योग्य विद्यार्थीको विवरण संलग्न गरी www.cehrd.gov.np मा प्रारम्भिक नतिजा प्रकाशन गरिएको छ।

यस सम्वन्धमा देहायबमोजिम गर्नु गराउनु हुन निर्णयअनुसार अनुरोध छ।

१. शैक्षिक सत्र २०८१ मा कक्षा ५ मा फाराम भरी छनौट भएका विद्यार्थी शैक्षिक सत्र २०८२ मा नियमित रूपमा कक्षा ६ मा सार्वजनिक बिद्यालयमा अध्ययन गरिरहेका (प्रथम क्वाइन्टाइलमा परेका छात्रा छात्र र दोस्रो क्वाइन्टाइलमा परेका छात्रा मात्र) विद्यार्थीको विवरण यकिन गर्ने।

२. शैक्षिक सत्र २०८१ मा कक्षा ८ मा फाराम भरी छनौट भएका विद्यार्थीको हकमा देहायबमोजिमका विद्यार्थीको विवरण यकिन गर्ने,

क) शैक्षिक सत्र २०८२ मा सार्वजनिक बिद्यालयको कक्षा ९ मा अध्ययन गरिरहेका प्रथम क्वाइन्टाइलमा परेका सबै छात्रछात्रा।

ख) शैक्षिक सत्र २०८२ मा सार्वजनिक विद्यालयका कक्षा ९ मा अध्ययन गरिरहेका दोस्रो क्वाइन्टाइलसम्म परेका सबै छात्रा र प्राविधिक धार पढिरहेका छात्रसमेत।

३. माथि क.सं.१ र २ अनुसार छात्रवृत्ति पाउने कक्षा ६ र ९ मा अध्ययरत विद्यार्थीले वार्षिक रु. ६ हजारका दरले छात्रवृत्ति वापतको रकम प्राप्त गर्नेछन्। त्यसै गरी कक्षा ९ मा प्राविधिक धारतर्फ अध्ययन गर्ने छात्रले पनि वार्षिक रु. छ हजार प्राप्त गर्ने छन। उक्त प्रयोजनका लागि प्रत्येक विद्यार्थीको "क" बर्गको बैंकमा २०८२ जेष्ठ २१ भित्र खाता खोल्ने अवधि तोकिएकोमा २०८२ जेष्ठ ३१ गतेसम्म बैंक खाता खोली प्रमाणीकरणसमेतको कार्य सम्पन्न गर्नु गराउनु हुन म्याद थप गरिएको छ।

४. छात्रवृत्ति रकम सम्वन्धित विद्यार्थीको वैंक खातामा भुक्तानी गर्ने व्यवस्था रहेको हुँदा विद्यालय रहेको स्थानीय तहवाट छात्रवृत्ति पाउने विद्यार्थीको बैंक खाता खोली सोको विवरण अनलाइन EMIS मा प्रविष्ट गर्नु गराउनुहुन।

५. यस केन्द्रबाट प्रकाशित नतिजा विद्यार्थीको नामावली स्थानीय तह, वडा र विद्यालयको वेभसाइट, सूचना पाटी लगायतका माध्यमबाट प्रकाशित गरी सबैमा जानकारी गराउनु हुन।

थप जानकारीका लागि : ०१६६३८८५३ र inclusivedoe@gmail.com मा सम्पर्क गर्नुहुन।

नोटः बैक खाता प्रविष्टिकरण र तथ्याङ्क भेरिफिकेसनका लागि EMIS शाखा(०१-६६३८७०४) मा सम्पर्क गर्नुहुन।

सविता दंगाल
निर्देशक